6= आर्थिक वर्ष २०७८०/८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु ।अनुत्पादक लागानी र अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत साधन, स्थानीय सीप र जनशक्ति परिचालन गर्दै सेवा, उत्पादन र रोजगारी अभिबृद्धि गर्ने योजना र कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

**सभाध्यक्ष महोदय !**

७. अब म चालु आ.व.को असार ९ गते सम्मको अवधिको बजेटको प्रगति र समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।चालु आव २०७९/८० मा शुरु बजेट ५० करोड १५ लाख ६७ हजार ८३० रुपैंया रहेकोमा आर्थिक बर्षको चौथो त्रैमासिक सम्ममा संशोधित अनुमान ५५ करोड २८ लाख १२ हजार ८६७ पुगेको छ । जसमध्ये समिक्षा अवधिमा ३९ करोड ४८ लाख ७२ हजार ६६२ अनुदान तथा राजश्व प्राप्ति र गत आवको बैंक मौज्दात अ.ल्या. ८ करोड ४८ लाख ३१ हजार ३७ रुपैंयाँ गरी जम्मा आम्दानी र प्राप्ति ४९ करोड ९७ लाख ३ हजार ६९९ रहेको छ । यो कुल बजेटको ८६ प्रतिशत हो । गत आवको यही अवधिमा कुल बजेटको ८१ प्रतिशत अनुदान तथा राजश्व प्राप्ति तथा बैंक मौज्दात रहेको थियो ।

८. प्राप्त अनुदान तथा राजश्व मध्ये संघीय सरकारबाट हस्तान्तरण गरिएको अनुदान रकम ३१ करोड ८० लाख ८९ हजार, प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदान रकम १ करोड ७५ लाख ८३ हजार ९८६ रहेको छ । त्यस्तै संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँटको रकम ५ करोड ६७ लाख ६६ हजार २५९ र आन्तरिक राजश्व रकम २४ लाख ३६ हजार ४१७ तथा बाँकी गत आवको बैंक मौज्दात अल्या रहेको छ ।

९. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटको अनुमान रकम ९ करोड ११ लाख २३ हजार ८३० रहेकोमा समिक्षा अवधिमा ५ करोड ६७ लाख ६६ हजार २५९ मात्र प्राप्त भएको छ जुन कुल अनुमानको ६३ प्रतिशत हो । यसबाट गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा अत्यधिक चाप सिर्जना गरेको छ । गाउँपालिका चालु आवको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च धान्न असमर्थ हुने देखिन्छ ।

१०. त्यसै गरी चालु आवमा संघीय सरकार एवम् प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरणको अन्तिम त्रैमासिक किस्ताको ५० प्रतिशत कटौटी भएको कारणले पुँजीगत खर्च (विकास बजेट) तर्फको

१५. आगामी आर्थिक वर्षमा कुल ५०,११,९६,९१५ (पाखस करोड एघार लाख छयानब्बे हजार नै सय पन्ध्र मात्र) आय अनुमान गरिएको छ ।जसलाई म शीर्षगत रुपमा प्रस्तुत गर्दछु ।

| क्र.सं. | अनुदान/राजश्वका प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| | **संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण** | | |
| १ | वित्तीय समानीकरण | ९००००००० | **नौ करोड** |
| १. | सशर्त चालु अनुदान | २१४२०००००० | **एक्काईस करोड बयालीस लाख** |
| २. | सशर्त पुंजीगत अनुदान | ३०२०००००० | **तीन करोड दुई लाख** |
| ३. | समपूरक अनुदान पुंजीगत | ६००००००० | **साठी लाख** |
| ४. | विशेष अनुदान चालु | ११५०००००० | **एक करोड पन्ध्र लाख** |
| | **जम्मा** | **३५१९००००००** | **पैतीस करोड उन्नाइस लाख** |
| | **प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण** | | |
| | वित्तीय समानीकरण | ५४१२००० | **चवन्न लाख बाह्र लाख** |
| ५. | सशर्त चालु अनुदान | ८५७००० | **आठ लाख सन्ताउन्न हजार** |
| ६. | सशर्त पुंजीगत अनुदान | ७७५९००० | **सतहत्तर लाख उनन्साठी हजार** |
| ७. | समपूरक अनुदान पुंजीगत | १०००००००० | **एक करोड** |
| | **जम्मा** | **२४०४८०००** | **दुई करोड चालीस लाख अठ्चाली हजार** |
| | **बाँडफाँटबाट प्राप्त हुने राजश्व** | | |
| ८. | बाडफाँटबाट प्राप्त हुने राजश्व संघीय सरकार | ८५२२०२०० | **आठ करोड बाउन्न लाख बीस हजार दुई सय** |
| ९. | बाडफाँटबाट प्राप्त हुने राजश्व प्रदेश सरकार | ४२४७००० | **बयाली लाख सत्चालीस हजार** |
| १०. | बाडफाँटबाट प्राप्त हुने दहत्तर बहत्तर शुल्क | २५००००० | **पच्चीस लाख** |
| ११. | घरजग्गा रजिष्ट्रेसन शुल्क | ५००००० | **पाँच लाख** |

